**नेपाली / *NEPALI***

लाईः सबै विद्यार्थी, संकाय र कर्मचारीहरू
बाटः कुलपति *Rebecca Blank*
विषयः दुई हप्ते स्वास्थ्य र सुरक्षा प्रोटोकलहरूमा जोड
मितिः सेप्टेम्बर ७, २०२०

आदरणीय *UW-Madison* समुदाय,

क्याम्पस क्षेत्रमा देखिएको हालैको *COVID-19* केसहरूको बृद्धिलाई मध्य नजर गर्दै सम्पूर्ण *undergraduate* विद्यार्थीहरूको आवतजावत आगामी दुई हप्ताको लागि यसै पत्रद्वारा प्रतिबन्धित गरिएको छ। ***सेप्टेम्बर 7, सोमवार अपरान्ह 5 बजे देखि सेप्टेम्बर 21, सोमवार अपरान्ह 5 बजे सम्म सबै undergraduate विद्यार्थीहरूको अति आवश्यक बाहेकका व्यक्तिगत भेटघाट र आवतजावतमा सख्त प्रतिबन्ध लगाइएको व्यहोरा यसै सूचनाबाट जानकारी गराउँछु।***

*COVID-19* समुदायमा फैलन नदिन रोगको लक्षण निगरानी गर्ने, नाक मुख छोप्ने र भौतिक दूरी कायम राख्ने, र भीड न्यूनिकरण गर्ने जस्ता सामुदायिक स्वास्थ्य नीतिको अनुसरण तथा *Badger Pledge* को सम्मान गर्ने सम्पूर्ण विद्यार्थीहरू लाई हार्दिक धन्यवाद दिन चाहन्छु।

तर विगत केही दिनका टेष्ट नतिजाका तथ्याङ्कहरू सन्तोषजनक नभएका र विद्यार्थीहरूको लागि यो सेमेष्टर खुल्ला राख्न खतराले भरिएको देखिन आएको छ।

- *COVID-19* का पोजेटिभ केसहरू बढिरहेका, खासगरी क्याम्पस होस्टेल भन्दा बाहिर बस्ने विद्यार्थीहरूमा, र जहाँ नाक मुख छोप्ने र भौतिक दूरी कायम राख्ने नियमलाई कडाइका साथ पालना नगर्ने समुदायसँग नजिक हुने विद्यार्थीहरूमा पोजेटिभ केस बढेको देखिएको छ। यो कुरा तथ्याङ्कले पुष्टि गरेको, तर सामाजिक सञ्जालमा देखिएका र पोजेटिभ टेष्ट भएका विद्यार्थीहरू सँगको कुराकानीले समेत पुष्टि गरेको छ। दुर्भाग्यवस, धेरै विद्यार्थीहरू भीडभाड युक्त जमघट आयोजना गर्ने वा यस्ता जमघटहरूमा सहभागी हुने पाइएको छ, जुन समग्र समुदायमा *COVID-19* फैलने र स्थिति अझै भयावह हुन सक्ने सङ्केत हो।
- हाम्रो *Dashboard report* अनुसार विगतका हरेक पाँच दिनहरूमा विद्यार्थीहरूको केस बढिरहेको देखिन आएको छ। यसरी देखिएका पोजेटिभ केसहरू परीक्षण बढाएर मात्र बढेका नभइ प्रतिशतको आधारमा नै बढेका छन्।

हामी त्यो बिन्दुका पुग्नै आँटेका छौं जहाँ बाट सङ्क्रमणको वक्ररेखालाई तुरुन्तै घटाउने, वा विद्यार्थीहरूको लागि यो सेमेष्टर खुला राख्ने अवसरबाट वञ्चित हुने, धेरै विद्यार्थी यो खुला राख्न चाहन्छन्।
जहाँ विद्यार्थीको पुनरागमन र परीक्षण बृद्धि सँगै केही पोजेटिभ केसहरू बढ्ने अपेक्षा थियो, तर हाल देखिएको सङ्क्रमित बृद्धि दरले यो तीव्र गतिमा समुदायमा बढिरहेको देखिन्छ।

यहाँ दिइएका अनुसार, सबै *undergraduate* विद्यार्थीहरूलाई तल दिइएका अति आवश्यक अवस्थामा बाहेक, गम्भीर रूपमा व्यक्तिगत भेटघाट र जमघटहरू सीमित राख्न र आफ्नो बसोबास स्थलबाट बाहिर आउजाउ नगर्न हार्दिक अनुरोध गर्दछु।

- नाक मुख छोप्ने र भौतिक दूरी कायम राख्दै व्यक्तिगत कक्षामा सामेल हुने शैक्षिक गतिविधि लगायत, शोध-अनुसन्धान कार्यमा सहभागी हुने कार्य लाई निरन्तरता दिइने, जहाँ रोग सङ्क्रमणको सम्भावना न्यून हुन सक्छ।
- COVID-19 परीक्षणमा सहभागी हुने वा अन्य स्वास्थ्य सेवा लिने कार्यमा सहभागी हुने
- दैनिक आवश्यक खाद्य सामग्री खरिद वा सङ्कलन
- क्याम्पस भित्र वा बाहिरका काममा जाने

- हिँड्ने, दगुर्ने वा अन्य घर बाहिरका व्यक्तिगत क्रियाकलापमा सहभागी हुने
- धार्मिक पूजा, प्रार्थनामा सहभागी हुने

दुई हप्ताको प्रयासलाई समर्थन गर्न विश्वविद्यालयले यी कार्यहरू गरिरहेको छ (यो विस्तृत सूची होईन):

- सबै-व्यक्तिगत सामाजिक कार्यक्रमहरू रद्द गरिएको छ।
- व्यक्तिगत र हाइब्रिड कक्षाहरू बाहेक, अरू सबै विद्यार्थी बैठकहरू अन्लाईन मात्र आयोजित गरिनु पर्नेछ
- सबै दर्ता भएका विद्यार्थी संगठनका (*RSO*) कार्यक्रमहरू अन्लाईन मात्र हुनेछन्
- यस अवधिमा सबै *RecWell* परिसरहरू बन्द हुनेछन्
- *Union* का डाइनिङ्ग परिसरहरू *carry-out* मात्र हुनेछन्
- आवस हलहरूमा कुनै पनि पाहुनाहरू आउन अनुमति दिइनेछैन

*विशेष गरी, म सबै undergraduate विद्यार्थीहरूलाई सामाजिक जमघटहरूबाट टाढा रहना आग्रह गर्दैछु। हामीले देखे अनुसार यी सङ्क्रमणका मुख्य कारणहरू हुन्।*

नोट गर्नुहोस् कि यी प्रतिबन्धहरू *graduate* विद्यार्थी, संकाय वा कर्मचारीहरूका लागि लागू छैनन्। राम्रो समाचार यो हो कि हामीले यी जनसङ्ख्याहरू बीच सङ्क्रमणको प्रमाण थोरै देख्दैछौँ। हामीले देखेका केसहरूका केही उदाहरणहरूमा कुनै प्रमाण छैन कि क्याम्पसमा भएका गतिविधिहरूबाट सङ्क्रमण फैलियो।

यस समयमा, हामी आशा गर्दछौँ कि सबै विद्यार्थी र कर्मचारीहरूले *Badger Pledge* र *Smart Restart* का क्याम्पस स्वास्थ्य प्रोटोकलको पालना गर्न जारी राख्नेछन्, जसमा यी कुराहरू समावेश छन्:

- तपाईंलाई सहायताको व्यवस्था गरिएको छैन भने तपाईं जतासुकै जानु भएपनि अनुहार ढाक्ने चीज लगाउनुहोस्। जबकि हामीसँग कतै भित्र हुँदा अनुहार ढाक्ने आवश्यकता रहेको छ, यदि तपाईं व्यक्तिगत व्यायाम नगरेसम्म अब हामीले बाहिर पनि अनुहार ढाक्ने चीज लगाउन आवश्यक गरेका छौँ
- क्याम्पसमा र क्याम्पस बाहिर, कतै भित्र र बाहिर र अनुहार ढाक्ने चीज लगाउँदा पनि। ६ फिट वा सो भन्दा बढीको भौतिक दूरी कायम राख्नुहोस्
- कुनै पनि प्रकारको जमघटमा भाग नलिनुहोस्
- *Contact tracing* बारेको फोन कलहरूलाई समयमा र साँचो तरिकाले जवाफ दिनुहोस्
- स्वास्थ्य जाँच साधनमा लक्षणहरूको निगरानी गर्नुहोस्, https://healthscreen.wisc.edu/
- सबै अनावश्यक यात्रालाई सार्नुहोस्

हामीले पहिले नै साझेदारी गरिसकेका छौं, हामी विद्यार्थीहरूलाई क्याम्पसमा वा क्याम्पस बाहिरका कार्यहरूको लागि उत्तरदायी राख्नेछौं जसमा आपतकालीन निलम्बन पनि समावेश छ। समुदायका सदस्यहरूले असुरक्षित व्यवहारलाई यो वेबसाईटमा रिपोर्ट गर्न सक्दछन् http://go.wisc.edu/publichealthconcern।

तपाईंले सोच्नु भएको होला कि किन तपाईंले यो अनुरोधको पालना गर्नुपर्दछ। यो फरक र धेरै दूरी भएको सेमेस्टर भएपनि, मैले धेरै विद्यार्थीहरूबाट सुनेको छु कि उनीहरू क्याम्पसमा हुन चाहन्छन्। हाम्रा सिनियर विद्यार्थीहरू आफ्नो अन्तिम वर्ष घर नगयी पूरा गर्न चाहन्छन्। हाम्रा नयाँ विद्यार्थीहरू कलेजको अनुभव चाहन्छन्, उनीहरूको हाई स्कूलको दिनहरूमा फर्कन चाहँदैनन्। हाम्रो सम्पूर्ण

समुदायले जनस्वास्थ्य प्रोटोकलमा फेरि गम्भीर प्रतिबद्धता जनाए मात्र यो सम्भव हुनेछ। यदि सङ्क्रमणहरू घटेनन् भने हामीले थप गाह्रो निर्णयहरू लिनुपर्ने हुन्छ जसले विद्यार्थीहरूको लागि क्याम्पस खोल्ने हाम्रो क्षमतालाई उल्लेखनीय रूपमा कम गर्नेछ।

मैले बुझेको छु कि मैले हाम्रो *undergraduate* विद्यार्थीहरूको अनुरोध गरिरहेको कार्यहरू उल्लेखनीय छन्। यसले उनीहरू र हामी सबैले महसुस गरिरहेको तनावमा अनिश्चितताको अर्को तह थप्दछ। तर हामीले विद्यार्थीहरू स्वस्थ रहने कुरा निश्चित गर्नका लागि, र संकाय र कर्मचारीका साथ साथै हाम्रो म्याडिसन समुदायका स्वास्थ्यको सुरक्षाको लागि, हाम्रा विद्यार्थीहरू बीच सङ्क्रमण घटाउनु पर्दछ।

हामी प्रत्येकले आफ्नो सामान्य व्यवहारलाई नबदलेसम्म यस भाइरसलाई नियन्त्रण गर्न सकिँदैन। खोप नभए सम्म हामीले यस्तो व्यवहार गर्नुपर्दछ जसले खतराहरू सम्बोधन गर्दछ।

म हाम्रा विद्यार्थी, संकाय र कर्मचारीहरूलाई उनीहरूको कडा मेहनत र विश्वासको लागि धन्यवाद दिँदछु। म विशेष गरी ती धेरै, धेरै विद्यार्थीहरूलाई धन्यवाद दिन्छु जसको व्यवहार उदाहरणीय छ र आशा गर्दछु कि आउँदो दुई हप्तामा उनीहरूको तहमा अझै धेरै विद्यार्थीहरू सामेल हुनेछन्। कृपया आफूलाई र अरूलाई बचाउनुहोस्। यदि तपाईंसँग प्रश्नहरू छन् भने, smartrestart@vc.wisc.edu मा ईमेल पठाउनुहोस्।

कुलपति Rebecca Blank